# वारागुङ मुक्तिक्षेत्र गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

कागवेनी, मुस्ताङ
प्रदेश नं. ४, नेपाल

## सवारी साधन खरिद सम्बन्धी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति:-२०७५/०२/१५ गते)

यस वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको तेश्रो गाउँसभाको निर्णय अनुसार निम्न बमोजिमको सवारी साधनहरु खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक उत्पादक कम्पनी वा आधिकारिक बिक्रेताबाट तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही रितपुर्बक गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ|

**तपसिल:**

१. वोलपत्र फाराम यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन(२०७५/०३/१३ गते) सम्म कार्यालय समय भित्र चालु आ.व. का लागि नविकरण भएको ईजाजत पत्र, मु.अ कर दर्ता प्रमाण–पत्र, मु.अ. कर समायोजन भएको पत्र र गत आ.व.को कर चुक्ता भएको प्रमाण पत्रका प्रमाणित प्रतिलिपि संलग्न राखि लिखित निवेदन साथ तल उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) यस कार्यालयको राजश्व शाखामा नगदै जम्मा गरी वा कार्यालयको नाममा नेपाल बैंक लिमिटेड जोमसोम शाखामा रहेको खाता नम्बर ०६८०३००००००००४००१०३२ मा जम्मा गरेको सक्कल भौचर संलग्न गरि सार्वजनिक खरिद अनुगमन कार्यालयको website www.bolpatra.gov.np/egp मार्फत वा कार्यालयबाट खरिद गर्न सकिने छ।

२. खरिद भएका बोलपत्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ सौ दिनको १२.०० बजे भित्र सिलवन्दी लाहाछाप गरी खाममा विवरण प्रष्ट खुलाई यस कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ। दर्ता भएका वोलपत्रहरु सोही दिनको २.०० बजे उपस्थित वोलपत्रदाता वा निजको प्रतिनिधि र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। वोलपत्रदाताहरु र निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन।

३. वोलपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन विदा परेमा लगतै कार्यालय खुलेको दिन सोही समय अनुसार हुनेछ।

४. वोलपत्रसाथ जमानत वापतको रकम नेपाल बैंक लिमिटेड जोमसोम स्थित वारागुङ मुक्तिक्षेत्र गाउँपालिका कार्यालयको धरौटी खाता नं. ०६८०३००००००००३००००९ मा जम्मा गरेको सक्कल बैक भौचर वा सो रकम वरावरको यस कार्यालयको नाउँमा जारी गरिएको विडवण्ड (Bid Security) वोलपत्र पेश गरेको अन्तिम मितिबाट ९० दिन मान्य भएको पेश गर्नुपर्नेछ।

५. वोलपत्रदाताबाट वोलपत्रमा उल्लेखित मूल्य अभिबृद्धि कर वाहेक रकम उल्लेख गर्नुपर्नेछ। सो दर रेटमा अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। केरमेट भएमा केरमेट भएको ठाँउमा सहीछाप भएको हुनुपर्नेछ।

६. वोलपत्र सम्वन्धि कुनै कुरा वुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

७. यस कार्यालयको हितलाई ध्यानमा राखी वोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सवै अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ।

८. यस सुचनामा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन २०६३ (संशोधित सहित), सार्वजनिक खरिद नियमावली २०६४ (संशोधित सहित), र अन्य प्रचलित ऐन कानुन बमोजिम हुनेछ।

९. छुट्टाछुट्टै प्याकेजको लागि छुट्टाछुट्टै शिलबन्दी दरभाउपत्र पेश गर्नुपर्ने छ।

१०. थप जानकारीको लागि कार्यालयमा सम्पर्क गर्न सकिने छ। यो सुचना यस कार्यालयको वेबसाइट www.bahragaumuktichhetramun.gov.np र www.bolpatra.gov.np/egp बाट समेत डाउनलोड गरी हेर्न सकिने छ।

११. शिलवन्दी वोलपत्रको कामको विवरण निम्नानुसारको हुनुपर्नेछ।

| प्याकेज नं. | सवारी साधनको विवरण | संख्या | बोलपत्र दस्तुर | जमानत रकम |
|---|---|---|---|---|
| १-०७४/०७५ | जिप (२१००-२२०० सि.सि.) | १ | ३०००/- | १,७५,०००/- |
| २-०७४/०७५ | मोटरसाइकल (२०० सि.सि.) | १ | १०००\|- | ७,५००/- |
| ३-०७४/०७५ | मोटरसाइकल (१८० सि.सि.) | ५ | १०००\|- | ३२,४००/- |
| ४-०७४/०७५ | स्कुटर (११० सि.सि.) | १ | १०००/- | ४,८००/- |

प्रमुख प्रशासकीय अधिकृत